# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर

कोशी प्रदेश, नेपाल

**कवाडी, जडीबुटी र जीवजन्तु निकासी कर संकलन सम्बन्धी ठेक्का आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति:२०८३/०३/१५**

**(Electronic Bid Only)**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ मा व्यवस्था भए अनुसार हतुवागढी गाउँपालिकाको आर्थिक ऐन बमोजिम आन्तरिक आय संकलनको लागि आ.व. २०८३/०८४ असार मसान्तसम्मको लागि तपसिल बमोजिमको आन्तरिक आय अन्तर्गत हतुवागढी गाउँपालिका क्षेत्रभित्र जडीबुटी र जीवजन्तु निकासी कर ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले इच्छुक, फर्म, कम्पनी वा संस्थाहरु तपसिल बमोजिमको सर्त बन्देजको अधिनमा रही यस गाउँपालिकामा तोकिएको समय भित्र विद्युतीय प्रणाली (www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो एक्काईस (२१ दिन) दिनको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का रकम रु. मु. अ. कर बाहेक | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १. | **(HRM/Revenue/01/083/084)** | गाउँपालिका क्षेत्रभित्र कवाडी, जडीबुटी तथा जीवजन्तु निकासी | १ वर्ष | १५०००००/- (अक्षरेपी: पन्ध्र लाख मात्र) | ३०००/- ( तीन हजार मात्र) |

१. बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म, कम्पनीले मु. आकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ. व. २०८२/०८३ सम्मको दर्ता र नवीकरण, २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिका साथ मिति २०८३/०४/०४ गते दिनको १२:०० बजे सम्ममा विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र खरिद गरी पेश गरिसक्नुपर्नेछ। तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा. का प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिनेछ।

२. बोलपत्र फारम खरिदको लागि हतुवागढी गाउँपालिकाको नाममा रहेको प्रभु बैंक लि. शाखा कार्यालय, घोडेटारमा रहेको **आन्तरिक राजस्व खाता नं. १५६०११३७९८६०००१०,** राजस्व शिर्षक नं. **१४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा** र बोलपत्रदाताले कबोल गरेको अंकको (भ्याट सहित) ५ प्रतिशत हुन आउने रकम **३.१ धरौटी खाता बैंक हिसाब नं. १५६०११३७९८६०००४२** मा जम्मा गरेको सक्कलै भौचर PDF फर्मेटमा स्क्यान गरी वा बोलपत्र पेश गर्ने अन्तिम दिन देखी कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्था बाट बैंक ग्यारेन्टी PDF फर्मेटमा स्क्यान गरी पेश गर्नुपर्ने छ।

३. प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु बोलपत्रदाता स्वयंले तिर्नुपर्ने छ। स्वीकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर चुक्ता गरेको प्रमाणपत्र पेश गरेपछी मात्र धरौटी रकम फिर्ता हुने छ। अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ।

४. कर संकलनको दररेट बोलपत्र फारममा संलग्न गरिएको छ।

५. आ. व. २०८३/०८४ को निकासीहुने सामग्रीहरुको बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन अवधि सम्झौता मिति देखि २०८४ असार मसान्त सम्म हुनेछ।

६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिइनेछैन।

७. बोलकबोल अंकको रकम सम्झौता गर्ने समयमा एकमुष्ट बुझाएमा भ्याट बाहेकको रकममा १० प्रतिशत छुट दिइनेछ। कबोल गरेको सम्पूर्ण रकम अग्रिम नबुझाएको अवस्थामा सम्पूर्ण कवोल गरेको ठेक्का रकमलाई बार्षिक रुपमा तिन किस्तामा विभाजन गरिने र पहिलो किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ। दोस्रो किस्ता रकम २०८३ फागुन मसान्त, तेस्रो किस्ता रकम २०८४ जेठ मसान्तसम्ममा अग्रिम बुझाउनु पर्नेछ। तोकिएको अवधिभित्रै किस्ता नबुझाएमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

महेश सिरेला
प्रमुख प्रशासकीय अधिकृत

# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घोडेटार, भोजपुर
कोशी प्रदेश, नेपाल

किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ। दोस्रो किस्ता रकम २०८३ फागुन मसान्त, तेस्रो किस्ता रकम २०८४ जेठ मसान्तसम्ममा अग्रिम बुझाउनु पर्नेछ। तोकिएको अवधिभित्र किस्ता नबुझाएमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

८. बोलपत्रदाताबाट बोलपत्रमा बोलकबोल रकम अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ। केरमेट भए सो ठाउँमा सहिछाप हुनु पर्ने छ।

९. म्याद नाघि वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन।

१०. यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालयमा भौतिक रुपमा उपस्थित भई अथवा गाउँपालिकाको Website बाट हेर्न सकिनेछ।

१२. ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ।

१३. ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगराई उठाइएको पाइएमा नियमानुसार कारबाही गरिनेछ।

१४. यस सूचनामा उल्लेख नभएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन सहित) र प्रचलित ऐन कानून बमोजिम हुनेछ।

***(थप जानकारी तथा सोधपुछका लागि सम्बन्धित कर्मचारी सम्पर्क नं. ९८६००८३५९१/९८६१६२२५८३)***

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत